नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले, दैलेख

कर्णाली प्रदेश नेपाल

**गाँउपालिकाको लागि आवश्यक जग्गा खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

सूचना नं. ४।०७४।०७५

(प्रथम पटक प्रकाशन मिति: (२०७५।१।२६ गते)

१) यस गाउपालिकाको केन्द्रको लागि र वडा नं. ७ डाँडाँगाउ पैतीमा वडा कार्यालयको केन्द्र निर्माणका लागि आवश्यक तपसिलमा उल्लेखित चारकिल्ला भित्र मालपोत कार्यालय दैलेखबाट आर्थिक बर्ष २०७४।०७५ को लागि प्रकाशित जग्गाको न्यूनतम मूल्यांकनको दररेटमा नबढ्ने गरि गाउँपालिकालाइ जग्गा विक्रि गर्न इच्छुक व्यक्ति/संस्थाले देहायबमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको **शिलवन्दी दरभाउपत्र** पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) शिलबन्दी दरभाउपत्र फारमको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्वन्धित जग्गाधनि वा अधिकार प्राप्त प्रतिनिधिले जग्गाधनि प्रमाणपत्रको प्रतिलिपिमा स्वयं जग्गाधनिले प्रमाणित गरेको प्रतिलिपि थान १, आ. व. २०७३/०७४ सम्मको मालपोत कर चुक्ता गरेको प्रमाणित पत्र, सहित तपसिलमा उल्लेखित फारम दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछी नियमानुसार **शिलबन्दी दरभाउपत्र फारम** यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका दरभाउपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिनको कार्यालय समयभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउनुपर्नेछ ।

४) बोलपत्र फारम वापतको रकम यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड दैलेखमा रहेको सञ्चित कोष खाता नं. ४०१०३०४०१८१०५ मा दाखिला गरेको सक्कल भौचर शिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

५) तोकिएको समयभित्र दर्ता हुनआएका **शिलबन्दी दरभाउपत्र फारामहरु** यस कार्यालयमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको ११:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र फाराम दर्ता गर्ने र दरभाउपत्र खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्विकृत वा अस्विकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्र फारममा प्रत्येक आईटम दर अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

७) दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) शिलबन्दि दरभाउपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९) यस सूचनामा उल्लेखित भएबाहेकका बिषयहरुमा सार्वजनिक खरिद ऐन २०६३, (संशोधित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित), गाउँ कार्यपालिकाको निर्णयअनुसार हुनेछ ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

तपशिल:

| **शिलबन्दि बोलपत्र नं.** | **जग्गाको लागि निर्धारित चारकिल्ला (गाउँ कार्यपालिकाको निर्णयअनुसार)** | **आवश्यक परिमाण रोपनिमा** | **लागत अनुमान** | **शिलबन्दी दरभाउपत्र फारम दस्तुर रु.** | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| ०४/२०७४/०७५ | **गाउँपालिकाको केन्द्रका लागि**<br>**पूर्वमा:** वडा नं. ५ को भवन सम्म।<br>**पश्चिममा:** इलाका प्रहरी कार्यालय माथी धैरेनी सम्म ।<br>**उत्तरमा:** रचनिको डाँडाँ सम्म ।<br>**दक्षिणमा:** ठुटेसिमल सम्म । | कम्तिमा ५ रोपनि वा सो भन्दा माथि ४० रोपनि सम्म । | मालपोत कार्यालय दैलेखले आ व २०७४।०७५ को लागि निर्धारण गरेको प्रति रोपनि जग्गाको न्यूनतम मूल्यमा नवढ्ने गरी । | १,०००।- | कन्टिन्जेन्सी वापतको रकम कूल लागतको ३ प्रतिशत । | |
| ०५/२०७४/०७५ | **वडा नं. ७ को केन्द्रको लागि**<br>**पूर्वमा:** महिला भवन सम्म ।<br>**पश्चिममा:** चिहानडाँडा सम्म ।<br>**उत्तरमा:** पहिरो खोला सम्म ।<br>**दक्षिणमा:** घट्टेखोला सम्म । | कम्तिमा ३ रोपनी वा सो भन्दा माथि । | | | | |

पुनश्च: आवश्यक परिमाणमा नौमूले गाउँपालिकाको प्रथम गाउँसभाबाट पारित बजेटको परिधिमा रहेर जग्गा खरिद गरिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

नौमूले गाउँपालिका दैलेख